जि.प्र.का. सप्तरी द.नं. ३९/०४८/०४९
स.नि.वि.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १०८ २०७७ साल मंसिर ८ गते सोमबार (23 Nov. 2020 Monday) मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**Log on : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : तल्लो तहका प्रहरी : पूरा बिदा.. ३ पृष्ठमा : सामाजिक सुरक्षा योजना : परिमार्जनको ... ३ पृष्ठमापेन्सिल्भेनिया राज्यको...

# करेन्ट लागेर हात्तिको मृत्यु



**दैनिक समाचारदाता राजविराज, ७ मंसिर ।**
सप्तरीको कंचनरुप नगरपालिका वडा नं. ५ मा कोशी टप्पु वन्यजन्तु आरक्षबाट निस्केको एक हात्तीको करेन्ट लागेर मृत्यु भएको छ ।

कञ्चनरुप नगरपालिका ५ पडेमारामा ३३ हजार केभी हाईभोल्टेज तारमा छोएर हात्तीको मृत्यु भएको जनाउँदै स्थानियहरुले हात्तीको अन्य कुनै भागमा चोटपटक नभएकोले करेन्टकै कारण मरेको हुनसक्ने बताए ।

आरक्षबाट समूहमा निस्केका हात्तीले पोलमा शरीर घिंसारेपछि पोल भुकेकोले करेन्ट लागेको हुनसक्ने कोशी टप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशहा सुनसरीका प्रमुख चन्द्रशेखर चौधरीले जानकारी दिए ।

यता मरेको हात्ती हेर्न सर्वसाधारणको भिड लागेका कारण कञ्चनपुर-फत्तेपुर सडक

***बाँकी अन्तिम पृष्ठमा***

# कोरोना संक्रमणबाट स्वास्थ्य अधिकृत देवको मृत्यु

**दैनिक समाचारदाता राजविराज, ७ मंसिर ।**
कोरोना संक्रमणबाट सप्तरी निवासी एक स्वास्थ्य अधिकृतको मृत्यु भएको छ ।



राजविराज वडा नं. २ निवासी ५० वर्षिय स्वास्थ्य अधिकृत गौरीशंकर देवको विराटनगरस्थित नोबेल मेडिकल कलेजमा उपचारका क्रममा शनिबार मृत्यु भएको हो । उनी सिरहाको कल्याणपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख थिए ।

नोबेल मेडिकल कलेजका प्रबन्धक नारायण दाहालका अनुसार कोरोना रिपोर्ट नेगेटिभ आएको, तर क्लिनिकल्ली कोरोना डेथ भनिएको जानकारी दिए ।

यता स्वास्थ्य कार्यालय सप्तरीका निमित प्रमुख दुनियाँलाल यादवले दुई साताअघि स्वास्थ्य अधिकृत देवको कोरोना पोजेटिभ देखिएको जानकारी दिदै उनले त्यसपछि नोबेलमा उपचार गराइरहेको बताए । सोही क्रममा उनको शनिबार राति करिब ११ बजे मृत्यु भएको उनले बताए ।

यससँगै जिल्लामा सात महिलासहित कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्याको ३६ पुगेको छ ।

सहकारी ऐन २०४८ अनुसार दर्ता नं. ११/०६८/०६९

## जनज्योति कृषि सहकारी संस्था लिमिटेड

मुख्य कार्यालय रा.वि.न.पा.-९ मलेठ , सप्तरी

पान नं. ३०५११४४१७

चलानी नं. :- ८५
पत्र संख्या :- ०६६१०६८

मिति २०७७।०८।०७

सम्पूर्ण शेयरधनि महानुभावहरु,

**बिषय : संस्थाको नवौं वार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

प्रस्तुत सम्बन्धमा मिति २०७७ कार्तिक १४ गतेमा बसेको यस संस्थाको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा कोभिड-१९ को संक्रमणलाई मध्यनजर गर्दै सहकारी बिभागबाट मिति २०७७ असोज १ गते जारी भएको सूचना बमोजिम तपसिलको मिति, समय र स्थानमा ईकाई भेलाको माध्यमबाट निम्न प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्नु पर्ने भएकोले यहाँहरुको अनिवार्य उपस्थितिका लागि पत्र पठाई सकिएको छ कुनै कारणबस पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधारमानी यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**प्रस्ताबहरु**

१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. ०७६/७७ को प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
२ संचालक समतिको तर्फबाट कोषाध्यक्षको प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
३ लेखा सुपरिबेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.०७६/७७ प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
४ आर्थिक वर्ष ०७६/७७ को लेखा परिक्षण प्रतिबेदन माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
५ आर्थिक वर्ष ०७७/७८ को प्रस्ताबित बजेट तथा कार्यक्रम माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।
६ आर्थिक वर्ष ०७७/७८ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
७ निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि छनौट गर्ने सम्बनधमा ।
८ बिविध सम्बन्धमा ।

**कार्यक्रम**

१ मिति २०७७ मंसिर १५ गते देखि १९ गते सम्म उपस्थिति रजिष्टर खुल्ला रहने छ , सो अबधिमा प्रत्येक दिन बिहान ८ बजे देखि ११ बजे सम्म २०० जना र दिउँसो १ बजे देखि ४ बजे सम्म २०० जना गरि जम्मा ४०० जना शेयर सदस्यहरुको उपस्थितिमा सुझाब संकलन तथा प्रस्ताबहरु उपर छलफल गरि निर्णय गर्ने ।
२ मिति २०७७ मंसिर २० गते शनिवार ईकाइ भेला मार्फत प्राप्त सुझाब र प्रस्ताब उपर छलफल गरि साधारण सभालाई अन्तिम रुप दिने ।

**समय : बिहान ११ बजे देखि**
**स्थान : संस्थाको प्रांगण**

बिश्वनाथ मण्डल
अध्यक्ष

## भावपूर्ण श्रद्धाञ्जली



**स्व. रामअवतार यादव**

राजविराज नगरपालिका वडा नं. १ का निवासी **रामअवतार यादव**को २०७७ साल मंसिर ५ गते अल्पआयुमै निधन भएको हुँदा हामी स्तब्ध भएका छौं । दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**शम्भुनन्द चौधरी**
**श्रवणकुमार देव**
**नवीनकुमार गुप्ता**
**मिथिलेश कुमार यादव**
**गोपाल प्रसाद गुप्ता**
**परिष कर्ण**
**चन्दन कुमार यादव**
**संजय शेखर**

## ‘सडक बालबालिकामुक्त राष्ट्र’ अभियान

काठमाडौँ, ७ मङ्सिर (रासस)।

सरकारको ‘सडक बालबालिकामुक्त राष्ट्र’ अभियानअन्तर्गत चालू आर्थिक वर्षको हालसम्मको अवधिमा ५७४ बालबालिकाको उद्धार गरिएको छ। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले बालबालिकालाई सडकमा नआउने वातावरण सिर्जना गर्न पारिवारिक सहयोग कार्यक्रमलाई प्रवर्द्धन गर्दै स्थानीय तहमा नै बाल अधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने तथा सडक बालबालिकाको व्यवस्थापनसम्बन्धी कार्यक्रमलाई तीव्रता दिएको हो। कूल सङ्ख्यामध्ये बालक ४६५ र बालिका १०९ जनाको उद्धार गरी व्यवस्थापन गरिएको छ।

राष्ट्रिय बालदिवस, २०७७ का अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले यस आर्थिक वर्षभित्र नेपाललाई सडक बालबालिकामुक्त राष्ट्र घोषणा गर्ने नीति लिइएको सन्देश दिनुभएको थियो। राष्ट्रिय बालअधिकार परिषद्को संयोजन र प्राविधिक सहयोगमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं १०४) एवं प्रदेश सरकार, स्थानीय तह, सङ्घसंस्थाको सहकार्यमा काठमाडौँ उपत्यकालगायत विभिन्न प्रदेशबाट ती बालबालिकाको उद्धार गरिएको हो। परिषद्ले प्रकाशन गरेको ‘नेपालमा बालबालिकाको स्थिति प्रतिवेदन, २०७७’ मा उद्धार गरिएकामध्ये भारतबाट आएका बालबालिका ३० जना रहेका छन्। उद्धार गरिएका कूल बालबालिकामध्ये हाल सम्पर्क गृहमा रहेका २५५, सामाजिकीकरण केन्द्रमा रहेका ९९, विभिन्न बालगृहमा संरक्षणमा रहेका ५०, पारिवारिक पुनःकीकरण भएका ८१०, विभिन्न तालिममा पठाइएका १८४ र तालिम पूरा गरी काममा सम्लग्न रहेका ५९ जना रहेका छन्।

आर्थिक वर्ष २०७५/०७६ मा हराएका बालबालिकाको सङ्ख्या ३,४२२ जना (बालक १,०५१ र बालिका २,३७१) रहेकामध्ये २,५४० जना (बालक, ८२५ र बालिका, १,७१५) फेला परेका थिए। आर्थिक वर्ष २०७६/०७७ मा हराएर जानकारीमा आएकाको सङ्ख्या २,७२९ जना छ। तीमध्ये दुई हजार २१९ जना बालबालिका फेला परेका छन्। यसमध्ये १४३५ बालबालिको उद्धार व्यवस्थापन भइसकेको छ।

बालअधिकार महासन्धि, १९८९ अनुसार कुनै पनि बालबालिकालाई आमाबाबुबाट अलग राख्न नहुने अथवा बालबालिकाको सर्वोत्तम हितको विपरितबाहेक बाबुआमासँगै बस्ने अधिकार हुन्छ। बालबालिका विरुद्ध हुनसक्ने कुनै पनि प्रकारको शारीरिक वा मानसिक दुर्व्यवहार, हेला वा उपेक्षा वा यौनदुराचारलगायतका शोषणबाट बालबालिकालाई जोगाउन तथा पीडितको उपचारका लागि राज्यले उपयुक्त वैधानिक, प्रशासनिक, सामाजिक वा शैक्षिक उपाय अपनाउनुपर्ने प्रतिवेदनमा जनाइएको छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# तल्लो तहका प्रहरी : पूरा बिदा पाउँदैनन्, अठार घण्टासम्म काम

काठमाडौँ, ७ मङ्सिर (रासस)।

मुलुकको शान्ति/सुरक्षा र अमनचयन कायम गर्न अग्रपङ्क्तिमा खटिने तल्लो तहका प्रहरी कर्मचारीले उचित सेवा, सुविधा र सम्मान प्राप्त गर्न सकेका छैनन्।

प्रहरी कर्मचारीले आफ्नो बिदाको पूरा सदुपयोग गर्न पाएका छैनन् भने तोकिएभन्दा बढी समय कार्य क्षेत्रमा खटिन बाध्य भएको पाइएको छ। धेरैजसो प्रहरी दैनिक १२ देखि १८ घण्टासम्म कार्य क्षेत्रमा खटिन्छन्। वार्षिक प्राप्त हुने ४२ दिनको बिदामध्ये अधिकांशले १५ दिन मात्रै प्राप्त गरेको एक अध्ययनले देखाएको छ।

बीचैमा आफ्नो पेशा छाडेर पलायन हुन बाध्य हुनुमा यो एउटा महत्वपूर्ण कारण भएको प्रहरी वरिष्ठ अधिकृतको बुझाइ छ। यसका अलावा गरेका कामको सामाजिक सम्मान प्राप्त हुन नसक्दा पनि प्रहरीले पेशालाई दीर्घ सेवामा रुपान्तरण गर्न सकेका छैनन्। यसैले उनीहरुको उत्प्रेरणा जगाउनुपर्ने आवश्यकता अध्ययनले औँल्याएको छ। उनीको अवस्थाका विषयमा माथिल्लो तहबाट बेलाबेलामा सुधारका प्रयास भए पनि प्रभावकारी हुन सकेको देखिँदैन। अहिले पनि प्रहरी बीचैमा जागिर छाडेर जानेक्रम कायमै छ। प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्री प्रहरीभित्र विविध समस्या रहेकाले आमूल सुधारको आवश्यकता रहेको स्वीकार गर्नुहुन्छ।

प्रहरी सुधारका विषयमा प्रहरी प्रधान कार्यालयले हालै एक अध्ययन सम्पन्न गरेको छ। “उक्त अध्ययनले प्रहरीले जागिर छाड्नुपर्ने कारणबारे पनि औँल्याएको छ”, प्रहरी महानिरीक्षक थापाले भन्नुभयो, “सामाजिक सम्मान कति छ, त्यसले पनि जागिर छाड्ने प्रवृत्तिलाई प्रभावित गर्ने रहेछ, गरेका राम्रा काममा सामाजिक सम्मान प्राप्त भयो भने प्रहरीले आफ्नो सेवालाई दीर्घसेवामा रुपान्तरण गर्ने थिए।” कार्यालयले गर्ने उचित मूल्याङ्कन पनि प्रहरी उत्प्रेरणाको अर्को महत्वपूर्ण आधार हो।

प्रहरी हवल्दार तथा प्रहरी जवान लक्षित उत्प्रेरणा अभिवृद्धि योजनाअन्तर्गत हालै गरिएको उक्त अध्ययनले उनीहरुलाई सामाजिक सम्मान प्रदान गर्न र माथिल्लो तहका अधिकृतसँग सहज पहुँच बढाउँन सुझाव दिइएको जनाइएको छ। यसैगरी मिसनलगायत विभिन्न कार्यक्रममा सहभागि हुने प्रक्रियालाई पारदर्शी बनाउनसके आत्मसम्मान बढ्ने र सेवाभाव वृद्धि हुने देखाएको छ।

अध्ययनले प्रहरीको आगामी मार्गदिशा तय गर्न सघाएको बताउने प्रहरी महानिरीक्षक थापा बिदालाई व्यवस्थापन र बढुवा, सरुवा तथा मिसनमा खटिने प्रहरी चयनको मापदण्डलाई पारदर्शी गर्नुपर्ने टड्कारो आवश्यकता छ, भन्नुहुन्छ। उक्त योजनाअनुसार प्रहरी प्रधान कार्यालयले आवश्यक सुधारका प्रक्रिया समेत शुरु गरेको जनाएको छ।

अध्ययन प्रतिवेदनले कार्य क्षेत्रमा खटिने प्रहरी हवल्दार र प्रहरी जवानमध्ये अधिकांशले १५ दिनभन्दा कम मात्र बिदा पाएका छन्। प्रहरी कर्मचारीले त्यस्तो बिदा न्यूनतम ४२ दिन पाउँछन्।

प्रहरी प्रधान कार्यालयले अब भने अनिवार्य न्यूनतम ३० दिन घर बिदा र १२ दिन भइपरी आउने बिदासहित ४२ दिन बिदा पाउने व्यवस्था कार्यान्वयन गर्न लागेको छ। यसका लागि सूचना प्रविधि निर्देशनालयले आवश्यक सफ्ट्वेयर विकास गरी मानवस्रोत एवं प्रशासन विभागमार्फत नियमित निगरानी गर्ने व्यवस्था मिलाइएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले जानकारी दिनुभयो।

अध्ययनले कार्यक्षेत्रमा खटिएका अधिकांश प्रहरी हवल्दार र प्रहरी जवानले दैनिक १२ घण्टासम्म काममा खट्ने गरेका तथा केही प्रदेश र महानगरीय प्रहरी कार्यालयअन्तर्गत कार्य क्षेत्रमा १८ घण्टासम्म काममा खटिरहेको देखाएको छ।

ती अवस्थाको आवश्यक अध्ययन गर्न समिति गठन गरिएको र समितिको सुझावअनुरूप कार्यान्वयन गर्न लागिएको जनाउँदै उहाँ भन्नुहुन्छ, “अध्ययनले देखाएको कतिपय कुरा कार्यान्वयनको चरणमा गइसकेको र कतिपय कार्यक्रम लागू हुने चरणमा छ।”

उक्त अध्ययन विसं २०७६ भदौदेखि विसं २०७७ कात्तिकसम्म गरिएको थियो। प्रदेशका सीमित जिल्ला, छनोट भएको महानगर, प्रहरी गण, प्रहरी प्रधान कार्यालयलगायत नमूना छनोट गरी पूर्व प्रहरी र भर्खरै अवकाशप्राप्त प्रहरी गरी चार हजार ५४८ जनासँग सोधेर उक्त अध्ययन गरिएको थियो।

विगतमा पनि प्रहरी सुधारका कार्यक्रम भएका थिए। तर त्यो कागममा मात्रै सीमित थियो। अहिले गरिएको अध्ययनको प्रतिवेदनले औँल्याएका कुरा व्यवहारमै कार्यान्वयन होस् भन्ने धारणा तल्लो तहका प्रहरी कर्मचारीको छ। यति हुँदाहुँदै तल्लो तहका प्रहरी कर्मचारीको स्वभाव रुखो हुने गरेको, अपाच्य शब्द प्रयोग गर्ने गरेको गुनासो भने सर्वसाधारणबाट आइरहेको छ।

**प्रहरी अधिकृतसँगको पहुँच**

प्रहरी हवल्दार र जवानको माथिल्लो तहका प्रहरी अधिकृतसँग सहज पहुँच हुन्न। यसका कारण पनि कार्यालय प्रमुख र तल्लो तहका प्रहरी कर्मचारी बीचको दूरी कम हुन सकिरहेको छैन।

उनीहरुले माथिल्लो तहका प्रहरी अधिकृत र कार्यालय प्रमुखसँग भेटघाट र छलफल हुने अवस्था न्यून हुँदा प्रहरीले अघि सारेका योजना सफल पार्न समस्या पैदा नहुने गरेको प्रहरी अधिकृतको भनाइ छ।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानसँग गरिने व्यवहार अधिकांशरूपमा सन्तोषजनक देखिए पनि केही स्थान विशेषका कार्यालय प्रमुख र माथिल्लो तहका अधिकृतबाट विभेद कायमै रहेको देखाएको छ।

सो अध्ययनले पनि पहुँच सहज पार्दै साप्ताहिकरूपमा एक पटक नियमित बैठक सञ्चालन गर्ने, त्रैमासिकरूपमा प्रहरी हवल्दार र प्रहरी जवानको सहभागितामा अनौपचारिक सामूहिक क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था लागू गर्न सुझाएको छ।

प्रहरी अधिकृतले जुनियर प्रहरी कर्मचारीलाई गर्ने व्यवहारका सम्बन्धमा नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धि कार्यादेश २०७७ मा व्यवस्था भएबमोजिम कार्यान्वयन संयन्त्र स्थापना गरी कार्यान्वयन गर्न लागिएको जनाइएको छ।

प्रमुख र प्रहरी कर्मचारीबीच दूरी घटाउन यसअघि नै महानगरीय प्रहरी कार्यालयले एउटा अभ्यास शुरु गरेको थियो। प्रहरी अधिकृत र जवान तथा हवल्दारबीच दूरी घटाउन सामूहिक मेसलगायतका कार्यक्रम त्यसमा समावेश थियो।

कार्यालय प्रमुख प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेल उनीहरुसँगको आत्मियता बढाउनसके प्रहरीले आफ्नो उद्देश्य पूरा गर्ने र प्रहरी सेवामा थप मनोबल बढ्ने भएकाले उक्त अभियान थालेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, “मेस सुधार प्रभावकारी भएको छ।”

उपत्यकाको प्रहरी कार्यालयमा आचरण व्यवहार सुधारका लागि अनुगमन गर्न प्रहरी उपरीक्षक रेवती ढकालको नेतृत्वमा टोली गठन गरिएको थियो। पहिलो चरणमा प्रभावकारी कामसमेत भएको थियो। मुख्यगरी ब्यारेक, मेस र युनिफम डिचुटी घटाउने बिदा समयमा दिने कुरा सहुलियत उपलब्ध गराउने कुरा महत्वपूर्ण रहेको उहाँले बताउनुभयो।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानले सरुवा, बढुवा र काज सम्बन्धमा पारदर्शीताको अभाव देखाएको छ। जिल्ला तहसम्म नै पारदर्शीता र जवाफदेहिताका लागि प्रहरी कर्मचारीको त्रैमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालनको तयारी गरिएको प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले बताउनुभयो।

अध्ययनले प्रहरी हवल्दार र प्रहरी जवानले प्राप्त गर्ने स्केलको सामान वितरण पारदर्शी र समान वितरण हुन नसकेको देखाएको छ। त्यसका लागि आवश्यक मापदण्डसहित स्केलको सामान प्राप्त गर्न प्रहरी कर्मचारीको मासिकरुपमा कार्यालयको सूचनापाटीमा राख्ने गरी आवश्यक व्यवस्थापन गर्न लागिएको उहाँले बताउनुभयो। प्रहरी अस्पतालमा प्राथमिकताका आधारमा सेवा प्राप्त गर्न आवश्यक व्यवस्था मिलाउन लागिएको छ।

**‘रोल कल’ प्रणाली प्रभावकारी बनाउने**

प्रहरी कर्मचारीको ‘रोल कल’मा कार्यालय प्रमुखको उपस्थिति ज्यादै कम भएको देखिएको छ। कार्यालय प्रमुखले कम्तीमा हप्तामा एकपटक सबै कर्मचारीसहितको रोल कल लिइ प्रहरी कर्मचारीका कमीकमजोरीलाई सुधार गर्नुपर्ने आवश्यकता औँल्याइएको छ।

यसक्रममा मातहतका प्रहरी कर्मचारीको गुनासो सम्बोधनको सुनिश्चितता गरिदिनुपर्ने एवं साङ्गठनिक नीति निर्देशनका साथै प्रहरी कर्मचारीलाई प्राप्त हुँदै आएको एवं थप भएको सेवा सुविधाको जानकारी गराउन अध्ययनले सुझाव दिएको छ। सोही प्रतिवेदनका आधारमा आवश्यक व्यवस्था गर्न लागिएको प्रवक्ता कडायतले बताउनुभयो।


सूचना
हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सामाजिक सुरक्षा योजना : परिमार्जनको तयारी, आवश्यक परेमा झिक्न सकिने

काठमाडौं, ७ मङ्सिर (रासस) ।

सामाजिक सुरक्षा कोषले सामाजिक सुरक्षा योजनाप्रति आकर्षण बढाउन योगदानकर्ताको चाहनाअनुसार केही योजना परिमार्जनको प्रस्ताव गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा योजना शुभारम्भ भएको दुई वर्ष पुग्न लागे पनि योजनाप्रति सरोकारवालाको सहभागिता न्यून देखिएपछि कोषले योजना परिमार्जन गर्न लागेको हो ।

सामाजिक सुरक्षाको आधारभूत अवधारणासँगै योगदानकर्ताको चाहनालाई पनि सम्बोधन गर्न योजना परिमार्जनको तयारी अगाडि बढेको कोषले जनाएको छ । कोष सञ्चालक समिति सदस्य एवं अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माको संयोजकत्वमा कार्यकारी निर्देशक, कानून मन्त्रालय, ट्रेड युनियन तथा रोजगारदाताको प्रतिनिधित्व रहेको उपसमिति गठन गरी योजना परिमार्जनको तयारी गरिएको कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिनुभयो ।

उपसमितिले रोजगारदाता र श्रमिकको कुल ३१ प्रतिशत योगदानमध्ये वृद्धअवस्था सुरक्षा योजनाअन्तर्गतको २८.३३ प्रतिशत रकमलाई 'ब्रेकडाउन' गरी २० प्रतिशतबाट पेन्सन र बाँकी ८.३३ प्रतिशतबाट अवकाश सुविधा दिने प्रस्ताव गरेको छ । यसबाट ६० वर्ष उमेर नपुगेका योगदानकर्ताले रोजगारीमा संलग्न नभएको अवस्थामा ८.३३ प्रतिशतबाट उपदान/अवकाश सुविधा प्राप्त गर्न सक्नेछन् । योगदानकर्ताले ६० वर्ष पुगेपछि २० प्रतिशतबाट पेन्सन सुविधा प्राप्त गर्न सक्नेछन् ।

योगदानकर्ता रोजगारीबाट विमुख भएपछि पेन्सनका लागि ६० वर्षसम्म कुर्नुपर्ने गुनासोलाई सम्बोधन गर्न सो व्यवस्था गर्न लागिएको हो । “बीस प्रतिशतबाट आयको निरन्तरता होस् भन्नका लागि योगदानकर्ता ६० वर्ष पुगेपछि पेन्सनका रुपमा आर्थिक सहायता पाउनेछन्”, उहाँले भन्नुभयो, “बाँकी ८.३३ प्रतिशतलाई अवकाश सुविधा योजना अन्तर्गत राख्न लागिएको हो । यदि योगदानकर्तालाई बीचैमा रकम आवश्यक परेको खण्डमा सापटीका रुपमा पनि झिक्न पाउने र रोजगारीबाट अलग भए पनि सो रकम झिक्न पाउनुहुनेछ ।” कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषलगायत संस्थाबाट योगदानकर्ताले सञ्चित रकममध्येबाट आवश्यकता परेको खण्डमा केही रकम झिक्न पाउने अभ्यास प्रचलनमा छ ।

यस्तै औषधि उपचार स्वास्थ्य तथा मातृत्व सुरक्षा योजनामा पनि सामान्य परिमार्जनको प्रस्ताव गरिएको छ । कोषमा योगदान गर्न शुरु भएको तीन महिना पछाडिदेखि योगदान गर्न छाडेको तीन महिनासम्म यो योजना लागू हुने व्यवस्थालाई परिमार्जन गरी ६० वर्षपछि पेन्सन सुविधामा बसेको योगदानकर्तालाई ७० वर्षसम्म पनि औषधि उपचार स्वास्थ्य सुविधा दिन प्रस्ताव गरिएको छ । यसैगरी योगदानकर्ता प्रसूति भएपछिको ६ हप्तासम्मको उपचार खर्च दिन प्रस्ताव गरिएको छ । आइएलओ अभिसन्धि, अन्तर्राष्ट्रिय प्रचलनअनुसार यसलाई समायनुकूल बनाउन लागिएको हो ।

यसअघि गर्भावस्थाको परीक्षण तथा तीन महिनासम्मको शिशुको उपचार खर्च मात्र कोषले व्यहोर्ने व्यवस्था थियो । आश्रित परिवार सुरक्षा योजनाअन्तर्गत रोजगारीका शिलसिलामा विदेशी योगदानकर्ताको मृत्यु भएको अवस्थामा एकमुष्ट रकम लिन सक्ने प्रस्ताव गरिएको छ ।

प्रस्तावित योजनाले लामो समयदेखि श्रमिकले माग गर्दै आएको विषयलाई धेरै हदसम्म सम्बोधन गर्ने कोषका प्रवक्ता पन्थी बताउनुहुन्छ । उपसमितिले तयार गरेको प्रस्ताव कोष सञ्चालक समितिले अनुमोदन गरी स्वीकृतिका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पठाइने उहाँले जानकारी दिनुभयो । “.प्रस्तावित योजनाका बारेमा उपसमितिमा अन्तिम छलफल भइरहेको छ, सञ्चालक समितिले अनुमोदन गरी स्वीकृतिका लागि मन्त्रालयमा जान्छ”, उहाँले भन्नुभयो, “मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत भए पछि नयाँ योजना लागू हुन्छ ।” यही मङ्सिर ११ गतेभित्र प्रस्तावित योजनाले मूर्तरुप पाउने गरी तयारी अगाडि बढाइएको कोषले जनाएको छ ।

**अनौपचारिक र स्वरोजगार श्रमिक पनि समेटिँदै**

कोषले सामाजिक सुरक्षाको दायरालाई फराकिलो बनाउँदै अब छिट्टै अनौपचारिक क्षेत्र तथा स्वरोजगारमा संलग्नलाई पनि योजनामा समेट्ने तयारी गरेको छ । सरकारको नीति तथा कार्यक्रममा पनि अनौपचारिक तथा स्वरोजगारमा संलग्नलाई पनि सामाजिक सुरक्षा योजनामा समेट्ने घोषणा गरिएको छ ।

नीति कार्यक्रमको ८८ नं बुँदामा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई दिगो बनाइने तथा अनौपचारिक क्षेत्रका श्रमिक, स्वरोजगार र वैदेशिक रोजगारमा गएका श्रमिकलाई समेत योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गरिने उल्लेख गरिएको छ । “यही वर्ष स्वरोजगार र अनौपचारिक क्षेत्रको श्रमिकलाई योजनामा समेट्ने गरी अघि बढेका छौँ”, प्रवक्ता पन्थीले भन्नुभयो, “आगामी दिनमा वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई पनि समेट्छौं ।”

कोषमा हालसम्म एक लाख ७९ हजार ५८६ योगदानकर्ता र १२ हजार ८९६ रोजगारदाता सूचीकृत भएको छन् । शुक्रबारसम्म प्रदेश १ बाट १८ हजार १२१, प्रदेश २ बाट १३ हजार ३०५, बागमतीबाट एक लाख ३४ हजार ४८०, गण्डकीबाट छ हजार ८९२, लुम्बिनीबाट पाँच हजार ६९४, कर्णालीबाट ४४७ र सुदूरपश्चिम प्रदेशबाट ६४७ श्रमिक सूचीकृत भएको कोषले जनाएको छ ।

कोषमा ३०६.८३ करोड योगदान रकम सङ्कलन भएको छ भने रु एक करोड १४ लाख १६ हजार ९६८ दाबी भुक्तानी गरिएको छ । औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी भुक्तानी ४४६, आश्रित परिवार सुरक्षा दाबी भुक्तानी २४, दुर्घटना तथा अशक्तता सुरक्षा दाबी भुक्तानी ३४ र उपदान दाबी भुक्तानी सङ्ख्या ३२ रहेको कोषको तथ्याङ्क छ ।

संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)ले सामाजिक सुरक्षा ऐनअन्तर्गत सामाजिक सुरक्षा योजना कार्यान्वयको दिशामा सामाजिक सुक्षा कार्यविधि र ऐनमा नै केही कठिनाइ देखिएको जनाएको छ । केन्द्रका अध्यक्ष पुष्कर आचार्य योजनाको कार्यान्वयन पक्षमा पनि फितलो देखिएको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ “ऐनमा भएको कमजोरी सरकारले नै सुधार गर्ने हो । कोषले बनाएको कार्यविधिमा आवश्यकताअनुसार संशोधन गर्न पनि भन्ने अहिले योजनाले समेटेको बाहेकको असङ्गठित र स्वरोजगार क्षेत्रका मजदूरलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउने गरी कार्यविधि तयार हुनुपर्छ भन्ने हामी ट्रेड युनियनको मान्यता हो ।”

केन्द्रले ऐनमा परिमार्जन गर्न, सामाजिक सुरक्षा कार्ययोजनाअन्तर्गत अनौपचारिक/असङ्गठित तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई पनि समेट्ने माग समेत गरेको छ । योगदानमा आधारित सामाजिक सुरक्षा ऐनअन्तर्गतको सामाजिक सुरक्षा कार्ययोजना बनाउन, अनौपचारिक/असङ्गठित तथा स्वरोजगार क्षेत्रलाई समेट्न र सामाजिक सुरक्षाको दायरामा ल्याउन केन्द्रले आग्रह समेत गरेको छ ।

# उस्तै छ बालश्रम

काठमाडौं, ७ मंसिर (रासस) ।

बालबालिकालाई थोरै तलब र बढी समयसम्म काममा लगाउन सहज हुने कारण बालश्रमको प्रयोग भइरहेको पाइएको छ । बालश्रमप्रति अझै पनि समाजमा चेतना नपुगेको तथा बालश्रमलाई सामाजिकरूपमा स्वीकार गरिएको, बालबालिकाका लागि सहयोगको कार्यक्रमको अभावलगायतका कारणसमेतले कतिपय क्षेत्रमा बालश्रम व्याप्त रहेको देखिएको छ ।

दशकौंदेखि नेपालमा बालश्रमविरुद्ध चेतना, जागरण र सहयोगका कार्यक्रम सरकारी र विकासका साझेदार संस्थाबाट भए पनि सामान्यतयाः रोजगारीको अनौपचारिक क्षेत्र (रेष्टुरेन्ट, यातायात, निर्माण, कृषि, साना तथा घरेलु उद्योग, गलैँचा कारखाना, जरी कारखाना, इँटाभट्टा, आदि) लगायत घरेलु श्रममा पनि बालबालिकालाई संलग्न गराइएको देखिएको छ । आर्थिक वर्ष २०७६/७७ मा विभिन्न राष्ट्रिय दैनिक पत्रिका र विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशित घटनामध्ये बालबालिकालाई विभिन्न काममा लगाएका २३ वटा घटनाबाट ७९ बालबालिका ( बालक ५७ र बालिका २२) प्रभावित भएको राष्ट्रिय बालअधिकार परिषद्का प्रवक्ता रामबहादुर चन्दले जानकारी दिनुभयो ।

परिषद्का अनुसार अधिकांश बालबालिका (६७ जना) पढाइ खर्च जुटाउन विभिन्न काममा संलग्न भएको र नौ जना घरेलु तथा होटलमा एवं तीन जना सार्वजनिक यातायातमा संलग्न भएको घटना सार्वजनिक भएको पाइएको छ । दश वर्ष वा सोभन्दा मुनिको १० बालबालिकासमेत काममा संलग्न रहेको जानकारी रहेको छ । केन्द्रीय तथ्याङ्क विभागबाट गरिएको नेपाल श्रमशक्ति सर्वेक्षणमा २०७६ बाट १७ वर्षमुनिका करिब दुई लाख ८६ हजार बालबालिका आर्थिकलाभको कार्यमा संलग्न भएको पाइएको छ । नेपालको संविधानको धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन बन्देज लगाइएको छ । बालबालिकासम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ ।

नेपालको राष्ट्रिय जनगणना, २०६८ अनुसार एक लाख चार हजार ७१४ बालबालिका (बालक ५६ हजार २६७ र बालिका ४८ हजार ४४७) कामकाजमा संलग्न रहेका छन् । केन्द्रीय तथ्याङ्क विभागबाट सम्पादन गरिएको नेपाल बहुक्षेत्रीय क्लस्टर सर्वेक्षण, २०७१ (सन् २०१४) अनुसार पाँचदेखि १७ वर्ष उमेर समूहका ३७.४ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको पाइएको छ ।

## विश्व समाचार

### पेन्सिल्भेनिया राज्यको मतगणना उल्ट्याउने ट्रम्पको निवेदन खारेज

वासिङ्टन, ७ मंसिर (रासस/एएफपी) ।

अमेरिकी राज्य पेन्सिल्भेनियामा मतगणनामा धाँधली भएको भन्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको उजुरीलाई संघीय अदालतले शनिबार खारेज गरिदिएको छ ।

अमेरिकी राष्ट्रपतिको निर्वाचनमा पराजय स्वीकार्नु सट्टा राष्ट्रपति ट्रम्पले विभिन्न राज्यको मतगणनामा धाँधली भएको भन्दै उजुरी दिइरहनु भएको छ तर पेन्सिल्भेनिया राज्यका न्यायाधीशले दिएको फैसलाले ट्रम्पको अभियानमा ठूलो धक्का लागेको छ ।

यो निर्णयसँगै पेन्सिल्भेनिया राज्यले राष्ट्रपतिका डेमोक्रेट उम्मेदवार जो बाइडेनको पक्षमा मतपरिणाम सदर गर्न बाटो खुलेको छ । अब सोमबार पेन्सिल्भेनिया राज्यले बाइडेन विजयी भएको प्रमाणपत्र दिनेछ ।

आगामी जनवरी २० मा राष्ट्रपतिको शपथ कार्यक्रम नजिकिँदै जाँदा ट्रम्पको कानुनी टोलीले भने केही राज्यबाट बाइडेनलाई विजयी भएको प्रमाणपत्र दिन ढिलाइ गर्ने योजनामा ध्यान दिइरहेको छ । तर ट्रम्पको कानुनी टोलीले दर्ता गरेका कैयौं निवेदनलाई सम्बन्धित राज्यका न्यायाधीशहरुले पर्याप्त आधार प्रमाणको अभाव भन्दै खारेज गरिदिएका छन् ।

न्यायाधीश म्याथ्यू ब्रानले आफ्नो आदेशमा ट्रम्पको कानुनी टोलीले पेन्सिल्भेनिया राज्यमा हुलाकबाट प्राप्त मतपत्रका बारेमा उचित र पर्याप्त प्रमाण पेश गर्न नसकेको बताउनु भएको छ ।

बाइडेनले हालसम्म ३०६ इलेक्टोरल मत प्राप्त गर्नु भएको छ भने राष्ट्रपति ट्रम्पले २३२ मत मात्र प्राप्त गर्नु भएको छ । आगामी डिसेम्बर १४ मा इलेक्टोरल कलेज (निर्वाचक प्रतिनिधि) ले औपचारिक रुपमा राष्ट्रपतिलाई मतदान गर्नेछन् र त्यसभन्दा अघि नै सबै राज्यले इलेक्टोरल कलेजलाई प्रमाणीकरण गरिसक्नु पर्नेछ ।

ट्रम्पले चुनावी परिणामलाई अझै स्वीकार्न नचाहेका कारण राष्ट्रपतिको औपचारिक निर्वाचनमा अन्यौल कायमै छ । राष्ट्रपति ट्रम्प सहित उहाँको दल रिपब्लीकन पार्टीका बहुमत सदस्यले डेमोक्रेट उम्मेदवार बाइडेनलाई खुलेर समर्थन गरेका छैनन् ।

केही झिनो संख्याका रिपब्लीकन सदस्यहरुले मात्र चुनावी परिणामलाई स्वीकार्नु पर्ने बताउँदै आएका छन् ।

पेन्सिल्भेनियाको अदालतको आदेश लगत्तै रिपब्लीकन पार्टीका तर्फबाट सिनेट सदस्य प्याट टूमीले बाइडेनले सन् २०२० को राष्ट्रपति निर्वाचन जित्नु भएको र उहाँ नै संयुक्तराज्य अमेरिकाको ४६औं राष्ट्रपति हुने धारणा अघि सार्नु भएको छ ।

उहाँले राष्ट्रपति ट्रम्पले हार स्वीकार्नुको विकल्प छैन भन्दै बाइडेनलाई संक्रमणकालीन प्रक्रियामा सामेल गर्नुपर्ने पनि बताउनु भएको छ ।

चुनावी मतगणनामा पेन्सिल्भेनियामा बाइडेनले १ लाख ५५ हजारभन्दा बढी मतले ट्रम्पलाई पराजित गर्नु भएको देखिएको छ ।

### कोरोना उपचारमा रिजेनेरोनको एन्टीबडी उपचार पद्धतिलाई अमेरिकामा अनुमति

वासिङ्टन, ७ मङ्सिर (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कोरोनाभाइरस उपचारमा प्रयोग गरिएको रोगप्रतिरोधी थेरापी (एन्टीबडी थेरापी)लाई अमेरिकी औषधि नियामक निकायले प्रयोगमा ल्याउन सिफारिस गरेको छ ।

कोरोनाका कारण स्वास्थ्य जोखिम निकै रहेका तर अस्पतालमा भर्ना भइ नसकेका बिरामीमा यो उपचार विधि प्रयोग गर्न अनुमति दिइएको हो ।

औषधि निर्माता रिजेनेरोनले तयार पारेको रिजेन-कोभ२ नामको औषधिले कोभिड-१९ सँग सम्बन्धित अस्पताल भर्नालाई रोक्न वा न्यून गर्न निकै उपयोगी देखिएको छ । अन्य रोगका कारण समस्यामा परिरहेका बिरामीलाई पनि यो औषधि उपयोगी हुनेछ ।

अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए) का आयुक्त स्टेफेन हानले रिजेन-कोभ२ औषधि सेवन गर्ने कोभिड-१९ बाट संक्रमित व्यक्तिले हत्तपत्त अस्पताल भर्ना वा अस्पताल गइहाल्नु नपर्ने देखिएको जानकारी दिनुभयो । उहाँले स्वास्थ्य सेवा प्रणालीमाथिको अतिरिक्त दबाब कम गर्न पनि यो औषधि निकै उपयोगी रहेको बताउनुभयो ।

रिजेनेरोनका अध्यक्ष एवं प्रमुख कार्यकारी लियोनार्ड स्लाइफरले यो कदम कोभिड-१९ विरुद्ध लड्न एउटा महत्वपूर्ण पक्ष रहेको बताउनुभयो । कोभिड-१९ का कारण उच्च स्वास्थ्य जोखिममा रहने बिरामीले आफू संक्रमित हुनासाथ यो औषधिको सेवनबाट ठूलो लाभ लिन सक्ने पनि उहाँले बताउनुभयो ।

एन्टीबडी थेरापी उपचारका लागि अनुमति प्राप्त गर्ने अमेरिकाको रिजेनेरोन दोस्रो कम्पनी हो । यसअघि अमेरिकी कम्पनी एली लिल्लीले गत नोभेम्बर ९ मा एन्डीबडी थेरापीका लागि अनुमति पाएको थियो ।

यस औषधिको प्रयोगबाट मानिसको रोगप्रतिरोधी क्षमता स्वाभाविक रुपमा बढ्छ । शरीरमा प्रतिरोधी क्षमता विकास गर्न प्राकृतिक विधिबाट कम मात्र सफलता प्राप्त भएपछि रिजेनेरोन र एली लिल्लीले प्रयोगशालाबाट एन्टीबडी थेरापी उत्पादन गरेका हुन् ।

उनीहरुले सार्स-कोभ-२ (कोभिड-१९) भाइरसको सतहको प्रोटिनलाई नियन्त्रित गरी यसलाई मानिसको शरीरभित्र प्रवेश गर्नबाट रोक्ने वैज्ञानिकहरुले बताएका छन् ।

कम्पनीले नोभेम्बरको अन्त्यसम्ममा ८० हजार बिरामीका लागि औषधि तयार गर्ने जनाएको छ । आगामी जनवरी २०२१ को अन्त्यसम्ममा करिब तीन लाख बिरामीले यो औषधि प्राप्त गर्न सक्नेछन् ।

यो औषधि हालका लागि अमेरिकामा मात्र उपलब्ध हुनेछ र सरकारी कार्यक्रम बमोजिम बिरामीले निःशुल्क प्राप्त गर्नेछन् ।

रिजेनेरोनले कोभिड-१९ को औषधि निर्माण गर्न ४५ करोड अमेरिकी डलर आर्थिक सहायता प्राप्त गरेको थियो ।

गत महिना पनि रिजेनेरोनले तयार पारेको इबोला भाइरस विरुद्धको एन्टीबडी औषधिलाई अमेरिकी नियामक निकाय एफडीएले प्रमाणपत्र दिएको थियो ।

# तोपामा खेल मैदान बनाई दिने सामाजिक बिकास मन्त्रीको प्रतिबद्धता
# प्रभु नारायण क्रिकेटको उपाधि लालपटीलाई



**दैनिक समाचारदाता**
**राजविराज, ७ मंसिर ।**

सहिद प्रभु नारायण स्मृति ट्रस्टद्वारा संचालित सहिद प्रभु नारायण स्मृति क्रिकेट प्रतियोगिताको फाईनल खेलको उपाधि कल्याणपुर लालपटीले जितेको छ ।

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकास्थित तोपाको खेलमैदानमा आयोजित फाईनल खेलमा आइतबार बरमभिुयालाई ७६ रनले पराजित गर्दै कल्याणपुर लालपटीले सो उपाधी जितेको हो ।

खेलमा टस जितेर बरमभिुयाले कल्याणपुरलाई ब्याटिङको लागि निम्तियाए पछि कल्याणपुर लालपटी क्रिकेट टिमले निर्धारित २० ओभरको खेलमा ८ बिकेट गुमाई २ सय ४ रनको योगफल खडा गरेको थियो । जसमा कल्याणपुर टिमका लागि मोहम्मद अब्दुलले सर्वाधिक ५५ रन, मोहम्मद एकवाल, २१ रन, राकेश १५, नाने १३, मो.सकिमले १२ रन जोडेका थिए ।

बलिङ तर्फ बरमभिुया टिमका बिजय गुप्ता ३, कुन्दन २, तारानन्द, चन्दन, जुगेश्वर र महानन्द १/१ बिकेट हात पारेका थिए ।

जवाफमा बरमभिुया टिमले १६ ओभर ४ बलमा सबै बिकेट गुमाई १ सय २८ रनमै सिमित भयो । जसमा अमन २४, तारानन्द १६, पवनले १५ रन बनाएका थिए । बलिङ तर्फ कल्याणपुर सकिम ३, अनुज, बरूण र ननेले २/२ बिकेट र अब्दुलाले १ एक बिकेट लिएका थिए ।

सो खेलमा फाईनल म्यान अफ दि म्याच अब्दुल, म्यान अफ दि सिरिज मोहम्मद नने, बेस्ट बलर, बेस्ट ब्याट्स म्यान महानन्द यादबलाई घोषित गरिएको थियो ।

सो अवसरमा प्रदेश २ का सामाजिक बिकास मंन्त्री नवलकिशोर साहले खेलको महत्व बढ्दै गएको खेलकुदलाई पेशाको रूपमा अपनाउनु पर्नेमा जोड दिएका छन ।

उनले तिलाठी कोईलाडी गाउपालिका ८ स्थित तोपामा जग्गा उपलब्ध गराएमा खेलकुद मैदान बनाई दिने प्रतिबद्धता जनाए । मन्त्रि साहले खेलकुद बिकासका लागि प्रदेश २ सरकारले प्रत्येक जिल्लालाई ५/५ लाख छुटयाईएको जानकारी समेत दिए ।

मन्त्री साहले बिजेता टिम कल्याणपुर, लालपटीलाई ११ हजार १ सय नगद र उपबिजेता बरमभिुया टिमलाई ५ हजार ५ सय नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र बितरण गरेका थिए ।

कार्यक्रममा तिलाठी कोईलाडी गाउपालिका प्रशासकिय अधिकृत केशव भ्mा, तिलाठी कोईलाडी गाउपालिका ८ का वडा अध्यक्ष लक्ष्मी मण्डल, युवा नेता गुडु सिँह, किशोर कुमार यादब, नेका नेता अरूण मण्डललगायतले शुभकामना मन्तब्य दिएका थिए ।

ट्रस्टका अध्यक्ष अबधेश कुमार भ्mाको अध्यक्षतामा आयोजित प्रतियोगितामा स्वागत मन्तब्य सफिद मंसुरीले गरेका थिए ।

# उपचारका क्रममा एक गर्भवति महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**सिरहा, ७ मंसिर ।**

सिरहाको लहानस्थित डिभाईन केयर अस्पतालमा शनिबार राती उपचारका क्रममा एक गर्भवति महिलाको मृत्यु भएको छ ।

सिरहाको सुखिपुर बैशखाकी २७ बर्षिय आरती साहको उपचारका क्रममा मृत्यु भएको हो । यता मृतकका आफन्तहरुले चिकित्सकको लापरबाहीका कारण मृत्यु भएको आरोप लगाएका छन् ।

मृतकका भाई राजेश कुमार साहले ब्याथाले च्यापेपछि आइतबारराती आरतीलाई डिभाईनमा भर्ना गरिएको थियो । तर डिभाईनका लापरबाहीले मेरो दिदिको मृत्यु भयो, उनले भने । मृतक आरतीको एक ७ बर्षिय छोरा छन् ।

## *करेन्ट लागेर ...*

खण्ड अवरुद्ध भएको छ ।

सो स्थलमा कुशहा गणका नेपाली सेना, ईलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी, कोशी टाप्पु वन्यजन्तु आरक्ष कार्यालय कुशहा र जिल्ला वन कार्यालयका कर्मचारी पुगेर सर्वसाधारणको भिड र हात्ती व्यवस्थापन कार्य थालेका छन ।

मृत हात्तीलाई कानूनी प्रक्रिया पूरा गरेर मरेकै स्थानमा खाल्डो खनेर गाडिने सहायक वार्डेन सन्तोष भगतले जानकारी दिए ।

# थप एक हजार ६६९ जनामा कोरोना संक्रमण

काठमाडौं, ७ मंसिर (रासस) । पछिल्लो २४ घण्टामा थप एक हजार ६६९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलका अनुसार पछिल्लो २४ घण्टामा आठ हजार ३२ जनाको नमूना परीक्षण गर्दा थप एक हजार ६६९ जनामा कोरोना संक्रमण पुष्टि भएका हुन् । थपिएका कूल संक्रमितमध्ये काठमाडौं उपत्यकामा मात्रै ९५७ जना छन् ।

योसँगै नेपालमा हालसम्म कोरोना संक्रमितको संख्या दुई लाख २० हजार ३०८ पुगेको छ । पछिल्लो २४ घण्टामा कोरोना भाइरस संक्रमणमुक्त हुनेको संख्या पाँच हजार ६९९ छ । हालसम्म संक्रमणमुक्त हुनेको संख्या एक लाख ९९ हजार २४ रहेको छ । देशैभरी जम्मा सक्रिय संक्रमितको संख्या १९ हजार ९६३ रहेको मन्त्रालयले जनाएको छ । सक्रिय संक्रमितमध्ये संस्थागत आइसोलेशनमा ६ हजार ३५१ र होम आइसोलेशनमा १३ हजार ६१२ जना रहेका छन् ।

पछिल्लो २४ घण्टामा थप १६ जनाको मृत्यु भएको छ । यससँगै देशभर कोरोना संक्रमितको कुल संख्या २ लाख २० हजार ३०८ पुगेको छ भने निको हुनेको संख्या एक लाख ९९ हजार २४ जना छन् ।

## लेखा परीक्षण गर्न लेखापरीक्षक आवश्यकता सम्बन्धी सूचना

सप्तरी जिल्ला भरी कार्य क्षेत्र भई हाल सेलर मिल समेत संचालनमा रहेको जन ज्योति कृषि सहकारी संस्थाको आ.व. २०७७/०७८ को लेखा परीक्षण गर्न लेखापरीक्षक आवश्यक्ता भएकोले इच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएट्सहरुबाट तपसिलका कागजातहरु र लेखा परीक्षण शुल्क (कर समावेश गरिएको) सहितको प्रस्ताव आव्हान गरिन्छ ।

**(क) कार्य विवरण**

१) संस्थाको आ.व. २०७७/०७८ को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परीक्षण गरी वार्षिक लेखा परीक्षण पेश गर्ने ।
२) कर योजना र कर परीक्षण कार्यमा सहयोग गर्ने ।
३) विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेश गर्ने ।

**(ख) आवश्यक कागजातहरु**

१) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।
२) नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिपी ।
३) कर चुक्ता प्रमान पत्रको प्रतिलिपी आ.व.२०७६/०७७ को ।
४) प्यान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
५) कम्पनी/एशोसियट्सको प्रोफाईल ।

**(ग) अन्य**

१) फारम भर्ने अन्तिम मिति २०७७/०८/१४ गते सम्म ।
२) लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम ।

**जन ज्योति कृषि सहकारी संस्था**
**राजविराज ९, मलेठ**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit · City Express · Best Remit · Prabhu Money Transfer · IME International Money Express · himal remit हिमालरेमिट · CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*